# संघीय संसद
# प्रतिनिधि सभा
छैटौं अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ ३२ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मातृकाप्रसाद यादव
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री उमाशंकर अरगरिया
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री प्रभु साह
६. मा० श्री देवप्रसाद तिमलसेना
७. मा० श्री प्रदिप यादव
८. मा० श्री जुली कुमारी महतो
९. मा० श्री लालकाजी गुरुङ्ग
१०. मा० श्री रामकुमारी चौधरी
११. मा० श्री दुर्गबहादुर राउत
१२. मा० श्री पदम गिरी

तदुपरान्त अन्तर्राष्ट्रिय सम्बन्ध समितिका मा० सभापति श्री पवित्रा निरौला (खरेल)ले "अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आर्थिक विधेयक, २०७६ माथि मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीबाट दुईवटा संशोधनको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकमाथिका संशोधनकर्ता मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तदुपरान्त उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
२. मा० श्री भरतकुमार शाह
३. मा० श्री देवेन्द्रराज कंडेल
४. मा० श्री पुष्पा भुसाल (गौतम)

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि "आर्थिक विधेयक, २०७७" माथि मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीले पेश गर्नुभएको आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "आर्थिक विधेयक, २०७७" माथि आफुले पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०७७" को दफा २ देखि ३८ सम्मका दफाहरु र सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "आर्थिक विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवाल र मा० श्री मिनेन्द्र प्रसाद रिजालबाट दुईवटा संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री भरत कुमार शाह
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री सूर्यप्रसाद पाठक
५. मा० श्री सञ्जय कुमार गौतम

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" माथि मा० श्री प्रेम सुवाल र मा० श्री मिनेन्द्र प्रसाद रिजालले पेश गर्नुभएको आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवाल र मा० श्री मिनेन्द्र प्रसाद रिजालबाट दुईवटा संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि संशोधनकर्ता मा० श्री प्रेम सुवाल र मा० श्री मिनेन्द्र प्रसाद रिजालले आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तदुपरान्त उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री भरतकुमार शाह
३. मा० श्री शेरबहादुर तामाङ

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" माथि मा० श्री प्रेम सुवाल र मा० श्री मिनेन्द्र प्रसाद रिजालले पेश गर्नुभएको आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्बाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७

माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" माथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री खगराज अधिकारी | ३. | मा० श्री सञ्जय कुमार गौतम |
| २. | मा० श्री राजेन्द्र कुमार के.सी. | ४. | मा० श्री रामबाबुकुमार यादव |

यसैबीच मा० शान्ता चौधरीले नियमापत्ति गर्नुहुँदै मा० श्री सञ्जयकुमार गौतमले छलफलमा भाग लिने क्रममा व्यक्त गर्नुभएको लैङ्गिक समानता विरुद्धको भनाई रेकर्डबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले उक्त विषयका सम्बन्धमा ध्यानाकर्षण भएको छ भन्नुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" माथिको दफावार छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ र ३ "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ पढेर सुनाउनु हुँदै विधेयकको प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७७ साल असार ४ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव